time/minutes	time/seconds	Nepali text
		GPJNews_Nepal_YKK_PressFreedom_Interview_001
0	0:03	तपाइको परिचय भन्दिनुहोस न ।
0	0:11	म दिलिप पौडेल, मेरो घर बाग्लुङ जिल्लाको जैमिनी नगरपालीका वडा नम्बर ८ पर्छ
0	0:15	र म अहिले काठमाडौंमा बसेर पत्रकारीता गर्दैछु ।
0	0:20	तपाई अहिले कुन मिडीयामा कुन पदमा बसेर काम गरिरहनु भएको छ ?
0	0:27	म नागरिक दैनिक । नेपाल रिपब्लिक मिडीयाद्धारा प्रकाशित नेपालको डेली पत्रिका हो ।
0	0:33	त्यसको बिजनेस ब्युरोमा बिजनेस ब्युरो चिफको रुपमा काम गर्दै आइरहेको छु ।
0	0:38	तपाईले कहिलेदेखि र कसरी पत्रकारीताको सुरुवात गर्नुभयो?
0	0:42	म नागरिक दैनिकमा २००९ देखि आबद्ध छु ।
0	0:49	पत्रकारिताको विषयमा कुरा गर्नुपर्दा म ब्याचलर लेभलमा पत्रकारीता पनि
0	0:56	पढिरहेको थिएँ र सँगसँगै तत्कालिन समय म एउटा गैरसरकारी सँस्थामा काम गर्थे ।
0	1:03	कामको दौरानमा म जिल्लाका दुर्गमा क्षेत्रहरुमा पुग्थे । त्यहाँ
0	1:10	आफ्नो कामको दौरानमा ग्रामिण क्षेत्रमा विभिन्न प्रकारका समस्याहरु देखे ।
0	1:17	ती समस्याहरु कुनै न कुनै हिसाबले सञ्चारका माध्यमले उजागर गर्नुपर्छ, त्यसले नीतिगत तहमा
0	1:24	सुधार ल्याउँछ भन्ने पनि लाग्यो । म पत्रकारीतामा आकर्षित हुनुका दुई तीन वटा
0	1:32	कुराले फोकस गरे र यो पेशातर्फ रुची र आकर्षण बढेको हो ।
0	1:40	पहिलो कुरा हाम्रो जस्तो मुलुकमा नागरिकहरुले आफ्नो अधिकारहरु आफ्ना अधिकारबाट बञ्चित भइरहेका छन् ।
0	1:47	तिनीहरूको अधिकार स्थापनाको लागि एउटा माध्यम पत्रकारीता हुन सक्छ । सञ्चारका माध्यबाट तीनिहरुको विषय
0	1:54	उजागर गर्न सकियो भने नीति निर्माताहरुले ती विषयहरु सम्बोधन गर्नेछन् र उनीहरुको जीवीकोपार्जन सँगसँगै मुलुकमा देखिएका विकृती बिसगंती
0	2:01	बारेमा बाहिर ल्याइसकेपछि कुनै न कुनै रुपमा समस्या समाधान होला भन्ने ठानेर एउटा त्यो पाटोबाट
0	2:08	पत्रकारीतामा आकर्षित भएको हो । सँगसँगै पत्रकारीताको दायरा अलि फराकिलो सँगसँगै धेरै मानिसहरुसँग जनसम्पर्क बढ्ने
0	2:15	धेरैसँग समन्वय गर्न पाउने देश दुनियाँको बारेमा बुझ्न पाइने सँगसँगै एक हिसाबले सबै बीच
0	2:23	परिचय पनि हुने । त्यो भएको कारण पनि म पत्रकारीता पेशामा आकर्षित भएको हुँ ।
0	2:30	अर्को सँगसँगै मैले पढिरहेको विषय र यसबाट पत्रकारीता गर्ने पेशागत करियर पनि
0	2:36	अगाडि बढ्न सक्छ भन्ने ठानेर एउटा सामाजिकप्रतिको उत्रदायित्तवको विषय भो
0	2:43	सँगसँगै प्रोफेसनको रुपमा अगाडी बढाउँदा पनि राम्रोससँग टिक्न सकिन्छ भन्ने ठानेर म खास पत्रकारीता
0	2:47	पेशा अगालेर काम गर्दै आइरहेको छु ।
0	2:54	तपाइले विकृती र बिसगंतीलाई हटाउन पनि पत्रकारीता पेशामा आए भन्नुभयो । तपाईले अहिले विकृती र विसँगती के देख्नुभएको छ अहिले?
0	3:01	मुख्यगरी हामी अहिले नेपालमा बसेर काम गरिरहँदा
0	3:08	हाम्रो मुलुकमा सामाजिक, आर्थिक, राजनीतिक विभिन्न प्रकारका समस्याहरु छन् ।
0	3:17	विशेषगरी नेपालमा राजनीतिक परिवर्तनका लागि धेरै आन्दोलन भए ।
0	3:24	मुलुकको समृद्धि र आर्थिक विकासका लागि काम नभइरहेको अझै अस्थिरताको अवस्था छ ।
0	3:31	यहाँको ब्युरोक्रेसीले राम्रोसँग काम नगरिरहेको अवस्था, राजनीतक नेतृत्व पनि त्यहि ढगंको । अहिले पनि विकासका
0	3:39	अवसरबाट नागरिकहरु वञ्चित भइरहेको अवस्था छ । यी विभिन्न प्रकारका समस्याहरु छन् । अहिले पनि भ्रष्टाचारका ठूला ठूला समस्याहरु छन् ।
0	3:46	यी विकृतीलाई बाहिर ल्याउन सक्यो र अलिकती नीतिनिर्माता, राजनीतिक नेतृत्व, ब्युरोक्रेसीलाई अली जवाफदेही बनाउन
0	3:53	सकियो भने यसले कुनै न कुनै रुपमा मुलुको विकासमा नागरिकको चेतनाको स्तर अभिबृद्धी गर्न
0	4:01	प्रशासक राज्यका नियमक निकायलाई जवाफदेही बनाउनका लागि केही न केही ढंगले काम गर्न सकिन्छ भन्ने बुझाई हो ।
0	4:15	तपाई नागरिक दैनिकमा काम गर्दा तपाईले देखेको विसंगतीलाई कसरी उठाउनुभएको छ ? कुन बिटमा काम गर्नुहुन्छ ?
0	4:24	म नागरिक दैनिकको बिजनेस ब्युरोसँगै विशेषगरी भ्रष्टाचारका विषयलाई उजागर गर्ने

0	4:30	र त्यो क्षेत्रमा पनि मैले कलम चलाउँदै आइरहेको छु ।
		GPJNews_Nepal_YKK_PressFreedom_Interview_004
0	0:14	तपाईले एउटा कुरा स्पष्ट पारिदिनुहोस् न । प्रेस स्वतन्त्रताको अवस्थालाई हेर्दा तपाईले पहिले काम गर्दाको र अहिले काम गर्दाको अनुभवमा के फरक छ ?
0	0:22	प्रेस स्वतन्त्रता अवस्था हेर्दा पहिले भन्दा अहिले सुधार भएको देखिन्छ ।
0	0:30	नेपालको संविधानले प्रेस स्वतन्त्रताको सुनिश्चित गरेको छ ।
0	0:36	नेपाल सरकारले प्रेससँग सम्बन्धित ऐन कानून पनि बनाइरहेको छ ।
0	0:42	पछिल्लो समयमा नागरिक पनि सचेत हुँदै गइरहेका छन् । राजनैतिक नेतृत्व पनि अलि जवाफदेही हुँदै गइरहेका छन् ।
0		**GPJNews_Nepal_YKK_PressFreedom_Interview_007**
0	0:06	तपाईको लागि प्रेस स्वतन्त्रताको अर्थ के हो ?
0	0:13	पत्रकारको लागि प्रेस स्वतन्त्रता महत्वपूर्ण छ । किनकी
0	0:20	कुनै विनारोकतोक, वाधाव्यवधान सुचना र विचारलाई आमसञ्चारका माध्यमबाट
0	0:27	प्रकासन र प्रसारण गर्नु नै प्रेस स्वतन्त्रता हो । जबसम्म प्रेस स्वतन्त्रता हुदैन पत्रकारले
0	0:34	स्वच्छ रुपमा आफ्नो रिर्पोर्टिङ गर्न सक्दैन । प्रेस स्वतन्त्रता नहुदा
0	0:41	विभिन्न प्रकारका सुचनाहरु बन्देज गर्ने, विभिन्न प्रकारका धाक धम्की दिने, प्रेसमैत्री कानून नबन्ने
0	0:48	कारण नागरिकहरुलाई सुचना पुर्याउने सम्बाहकको रुपमा पनि पत्रकारलाई चिनिन्छ ।
0	0:55	यो पत्रकारीता प्रेस स्वतन्त्रता खुम्चिनु भनेको नागरिकले पाउने सुचना पनि खुम्चिनु हो
0	1:02	त्यो भएको कारण एउटा लोकतान्त्रिक समाजमा लोकतान्त्रिक मुलुकमा नागरिकका अधिकार सुसुचित गर्नको लागि प्रेस स्वतन्त्रताको
0	1:10	पत्रकारीताको लागि मात्र नभएर सबै कुराको लागि महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यो भएको कारण जबसम्म प्रेस स्वतन्त्रता हुदैन
0	1:17	त्यसमा सेल्फ सेन्सरसिपको अवस्था पनि सिर्जना हुनसक्छ । त्यसले पत्रकारीतालाई व्यवसायीक र मर्यादित
0	1:24	पनि बनाउन सक्दैन । यी विषयको कारण पनि प्रेस स्वतन्त्रताको महत्वपूर्ण भूमिका हुन्छ । जबसम्म प्रेस स्वतन्त्रता हुदैन
0	1:30	सरकारी वा राजनैतीक वा विभिन्न पक्षले सुचनाहरु लुकाउन खोजिरहेको हुन्छ ।
0	1:35	तिनलाई बाहिर ल्याउने पत्रकारीताको मुख्य धर्म वा जिम्मेवारी भएको हिसाबले
0	1:44	यसमा चाँहि प्रेस स्वतन्त्रताको अनूभुति हुने गरी कानून बनाउनपर्छ
0	1:49	र सँगसँगै पत्रकारीता क्षेत्रले त्यसमा योगदान पनि पुर्याउनुपर्छ।
		GPJNews_Nepal_YKK_PressFreedom_Interview_002
0	0:07	तपाईले आफूले काम गर्ने राष्ट्रिय दैनिकमा विजनेस र भ्रष्टाचारको
0	0:14	स्टोरी न्युज गर्छु भन्नुभयो ?तपाईले कस्ता खालको स्टोरी गर्नुभयो?
0	0:21	त्यतिबेला के कस्तो वाधा अवरोध सामना गर्नुभयो ? त्यस्तो कुनै उदाहरण घटना छन् भने सेयर गरिदिन सक्नुहुन्छ ?
0	0:28	म नागरिक दैनिकको काठमाडौँमा बसेर काम गरिरहेको छु ।
0	0:35	मैले बिशेषगरेर मेरो पत्रकारीताको करियर बाग्लुङ जिल्लाबाट सुरु गरे पनि म लामो समयदेखि काठमाडौँमा
0	0:42	बसिरहेको छु । यहाँ रिपोर्टिङ गर्ने सन्दर्भमा थुप्रै प्रकारका अनुभवहरु छन् ।
0	0:49	जुन अनुभवहरु पत्रकारीताको दौरानमा काम गर्दा डर, धाक, धम्की,
0	0:56	सुचनाको पहुँचमा राख्नमा समस्या विभिन्न प्रकारका समस्या झेलिरहेको छु ।
0	1:03	यिमध्ये विभिन्न जस्तै नेपाल आयल निगमको एउटा जग्गा खरिद प्रकरणमा ठूलो करोडौँ घोटला भइरहेको थियो ।
0	1:12	त्यो विषयमा लेखें । एकजना जनकपूरका महन्तले जग्गा किनबेचमा ठूलो राज्यको स्रोत अवचलन गरिरहेको थियो ।
0	1:20	त्यो लेखें । सामाजिक विषयमा पनि लेखेको छु । कोभिडको समयमा गर्भवती महिलालाई
0	1:27	डेराबाट निकाला गर्ने काम भयो । त्यो स्टोरी गर्दै गर्दा विभिन्न प्रकारका चुनौती

0	1:35	सामना गर्नुपर्यो । मलाई नराम्रो अनुभव पनि छ । कोभिडको समय एकजना घरबेटी
0	1:43	मैले समाचार प्रकाशन गरेकै कारण मेरो तस्बिरलाई कालो मोसो लगाएर सामाजिक सञ्जालमा
0	1:53	त्यस्तो दुर्व्यवहार अपमान समेत सहेर काम गरिरहेको अवस्था छ ।
0	1:59	मैले नेपाल आयल निगममा जग्गा खरिदको करोडौंको घोटला भइरहेको थियो ।
0	2:07	उक्त रिपोर्टिङमा मलाई एकप्रकारको नमिठो त्यसले नेपालको पोलिसी करप्सन
0	2:15	कसरी हुन्छ र राज्यको निकायमा बसेका मान्छेको राजनीतिक संरक्षणमा कसरी राज्यको स्रोतमाथि
0	2:21	दोहन हुन्छ भन्ने अनुभव पनि छ । विशेषगरी त्यो घटना के थियो भने
0	2:28	नेपाल आयल निगम नेपालको एउटा सार्वजनिक संस्था हो । जसले भारतबाट
0	2:35	नेपालमा पेट्रोलियम पदार्थ ल्याएर बिक्रि वितरण गर्ने गरेको छ । नेपाल सरकारको स्वामित्वमा रहेको
0	2:42	एकाधिकारवाला संस्था हो । त्यसले आफ्नो पूर्वाधार निर्माण गर्ने सन्दर्भमा जग्गा किन्यो
0	2:50	किन्ने सन्दर्भमा ठूलो राजनीतिक नेतृत्वको संरक्षणमा
0	2:57	र केही स्वार्थ समुह विचौलीयाको मिलेमतोमा तत्कालिन आयल निगमका कार्यकारी निर्देशक
0	3:04	गोपाल खड्काले राज्यको स्रोतमाथि दोहन गर्ने ध्येयले करोडौं रकमको अबचलन गरे ।
0	3:10	त्यो सुचना लिनको लागि मैले धेरै पटक धेरै निकाय धाउनुपर्यो
0	3:18	र सुचना लुकाउने काम भयो । मैले विभिन्न स्रोतबाट स्थलगत रिपोर्टिङबाट त्यो सुचना ल्याएर जब मैले ब्रेक गरें ।
0	3:23	त्यो ब्रेक गरिसकेपछि त्यो निकै सार्वजनिक चासोको विषय भयो ।
0	3:33	त्यो विषय नेपालको सांसदमा प्रवेश गर्यो । संसदीय समितीहरुमा प्रवेश गर्यो । मैले दर्जनौं पटक त्यसको फलोअप स्टोरी गरें ।
0	3:40	नेपालमा कतिपय यस्ता विषयहरु छन् जसले नीतिगत तहमा भएका भ्रष्टाचारलाई उजागर
0	3:48	गर्न यो एउटा उदाहरण हो । यस्ता धेरै विषय छन् । जब मैले नागरिक दैनिक पत्रिकामा काठमाडौंबाट यो समाचार ब्रेक गरिसकेपछि
0	3:55	अन्य धेरै सञ्चारमाध्यमले पनि यो विषय ल्याए । यो २०७४ सालको घटना थियो ।
0	4:02	त्यसपछि हामी निरन्तर फलोअप गरिरह्यौं । फलोअप गरिरहँदा
0	4:11	यो विषयमा नेपाल सरकारको ध्यानाकर्षण भयो । संसदीय समितीहरुले पनि यो विषयमा छानबीन गरे । विभिन्न समितीहरुले छानबीन गरे ।
0	4:18	तत्कालिन समयमा नेपाल आयल निगमका तत्कालीन कार्यकारी निर्देशक गोपाल खड्कालाई नेपाल सरकारले बर्खास्त पनि गर्यो
0	4:24	पछाडी यही विषयमा अख्तियार अनुसन्धान आयोगले अनुसन्धान गर्यो
0	4:30	अख्तियार अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गर्यो ।
0	4:38	त्यो रिपोर्टिङ गर्ने सन्दर्भमा मलाई ठूलो प्रकारको सुरुवातमा विभिन्न माध्यमबाट ठूलो प्रलोभन दिने काम पनि भयो ।
0	4:46	त्यसमा मलाई मेरो सम्पादकिय नेतृत्वले र नागरिक दैनिकको प्रकाशन गृह
0	4:55	नेपाल रिपब्लिक मिडीयाले पनि सहयोग गर्यो । हामी पनि स्टोरीलाई फलोअप गर्यौं । लोभलालचमा पनि नफसेफछि
0	5:01	मलाई विभिन्न प्रकारका धाक धम्कीहरु सहनुपर्यो ।
0	5:08	मलाई नमिठो अनुभव छ । सिंहदरबार नेपालको प्रशासनीक केन्द्र हो । तत्कालिन कार्यकारी निर्देशक
0	"5:15	गोपाल खड्काले मन्त्रालयमै तेरो बालबच्चा छ तँ सुरक्षित भइ
0	5:22	भन्ने सम्मको खालको धम्की दिनुभयो । अरु विभिन्न मान्छेहरुलाई लगाएर विभिन्न प्रकारको टर्चर दिने काम भयो ।
0	5:29	त्यो बेलामा मलाई विभिन्न प्रकारका फोनहरु आउँथे । म आफ्नो लोकेसनभन्दा आफ्नो
0	5:38	घर बाहिर पनि बस्नुपर्ने । मेरो परिवारलाई पनि त्यो प्रकारको टर्चर भयो ।
0	5:47	यो सँगै अरु रिपोर्टिङमा यस्ता प्रकारका थ्रेटहरु हुँदा पनि
0	5:58	म रिपोर्टिङ गरिरहें । नेपालको पत्रकारीतामा स्वार्थ समुह
0	6:03	र राजनीतिक संरक्षणम हुने त्यस्ता ठूला प्रकारका भ्रष्टाचारका केसहरुको रिपोर्टिङ गर्न
0	6:11	चुनौती र जोखिमपूर्ण छ । त्यो मुद्दा तत्कालिन समयमा हामीले समाचार प्रकाशित गरेपछि म लगायत मेरो सम्पादकीय टिमलाई
0	6:19	८० करोडको माग दाबीको मुद्दा समेत हालेर अझै तर्साउने काम समेत भयो । यो बाट हामी बिचलीत भएनौं ।

0	6:27	विशेषगरी हाम्रो पत्रकारीताको पेशागत दायित्व र धर्ममा अडिग रहर्यौं । हाम्रो स्रोतप्रति हामी बिश्वस्त थियौं ।
0	6:35	हामी सत्य र तथ्यमा उजागर गरिरहेका थियौं । त्यसपछि नेपालको संवैधानिक निकायले समेत मुद्दा दायर गर्यो ।
0	6:42	अहिले पनि त्यो मुद्दा तत्कालिन कार्यकारी निर्देशक गोपाल खड्कालाई अठार करोड रुपीया मागदाबी
0	6:49	समेत मुद्दा दायर गरेको हो । त्यो मुद्दा अहिले पनि जारी छ । अन्तिम फैसला आइसकेको अवस्था छैन ।
0	6:57	अहिले पनि सरकारी साक्षिहरुले बयान दिने क्रम रहिरहेको छ । यो हिसाबले विशेषगरी भ्रष्टाचारको
0	7:05	रिपोर्टिङ गर्दा अलि असुरक्षित हुने र डर धम्कीले त्रसित हुनुपर्ने अवस्था छ ।
0	7:12	सुरुको दिनमा राज्यबाट र राजनीतिक निकायबाट संरक्षण भए पनि
0	7:18	पछिल्लो दिनमा यो विषय स्थापित भइसक्यो । संसदका विभिन्न निकायले हेर्ने र अख्तियारले समेत मुद्दा दायर गरिसकेपछि
0	7:26	सम्बन्धित निकायहरु कमजोर भए र पछि रिपोर्टिङ गर्न सहज भयो । यो प्रकारको अनुभव भयो ।
0	7:33	यस्ता थुप्रै अनुभवहरु अन्य प्रकारका रिपोर्टिङमा पनि छन् ।
0	7:42	जसलाई चित्त बुझेको छैन उनीहरुले विभिन्न प्रकारका प्रलोभन र डर धम्की दिने हुँदा
0	7:51	पत्रकारीता गर्न कठिनाई छ र पत्रकारीताको पेशागत जिम्मेवारी र दायित्वप्रति बिचलीत नभई काम गर्दै आइरहेको छु ।
0	7:58	आयल निगमको स्टोरी गर्दा त्यहाँ घोटला भएको छ भन्ने कसरी थाहा पाउनुभयो
0	8:06	तपाइले भनेअनुसार त्यसमा प्रमाण कसरी पुर्याउनुभयो?सरकारी निकायले सुचना दिनका लागि कसरी सहयोग गर्नुभयो?
0	8:10	त्यो कुरा अलिकती भनिदिनुहोस न
0	8:17	नेपाल सरकारले पूर्वाधार बनाउनका लागि केही बजेट विनियोजन गरेको हामीलाई सुचना थियो ।
0	8:23	त्यो सुचना सम्बन्धित निकायले दिन आनाकानी गरिसकेपछि
0	8:30	सुचनाको हक म आफैले प्रयोग गरें । स्थलगत रिपोर्टिङमा विभिन्न जिल्लाको जग्गा खरिदसँग सम्बन्धित थियो ।
0	8:36	झापा, सर्लाही, चितवन, रुपन्देहीका मालपोत कार्यालयमा म आफै पुगें ।
0	8:42	त्यहाँका स्थानीय संवादाताहरुको पनि मैले सहयोग लिएँ । मालपोतमा भएको कारोबार
0	8:50	र जग्गा बिक्रिमा संग्लग्न व्यक्तिहरु उनीहरुले जग्गा कतिमा बेचिरहेका छन्,
0	8:57	राज्यको तर्फबाट कति बजेट विनियोजीत भइरहेको छ र कति खर्च भएको छ भन्ने थाहा भएपश्चात हामी एउटा निष्कर्षमा पुग्यौं ।
0	9:05	त्यहाँको चलनचल्ती मुल्यभन्दा धेरै मुल्य देखाएर बिक्री भएको छ भन्ने भएपछि यहाँ ठूलो अनियमितता र घोटला भएको छ
0	9:09	र बिक्री भएको छ भन्ने निष्कर्षमा पुगिसकेपछि मैले त्यो रिपोर्टिङ गरिरहेको थिएँ ।
0	9:11	प्रमाण कसरी पुर्याउनुभयो ?
0	9:16	मैले त्यो बेला सुचनाको हकको प्रयोग पनि गरें ।
0	9:23	सम्बन्धित मालपोत कार्यालयमा जग्गा पास भएको त्यो रेकर्ड हेर्यौं । आयल निगमका अधिकारीहरुले
0	9:32	त्यो विवरण दिन नमानेपनि अरु राज्यका निकायसँग पनि सम्बन्धित भएको विषय भएको कारणले त्यहाँबाट पनि हामीले सुचना लियौं ।
0	9:39	स्थलगत रिपोर्टिङमा गइसकेपछि जग्गा बेच्ने मानिसहरुले पनि हामी यसरी जग्गा बेचिरहेका हाँ
0	9:47	हामीले प्राप्त गरेको मुल्य यो हो भन्ने भयो । पछि प्रेसर आइसकेपछि निरन्तर रिपोर्टिङ पछि संसदीय निकायले पनि छानबिन गरे ।
0	9:53	त्यहाँबाट त्यसको आधिकारीक दस्तावेज पनि पछि बाहिर आयो ।
0	9:55	कति समय लाग्यो यो स्टोरी गर्न ?
0	10:03	सुरुमा त्यो स्टोरीको विभिन्न ठाउँमा भएको हिसाबले एक महिना जतिको तयारीमा
0	10:14	गरिरहेको थिएँ र पछि फालेअप स्टोरीहरु कन्ट्युनियू अरु साइड एजेन्सीहरुले अनुसन्धान गरेका प्रतिवेदनका आधारमा अरु स्थलगत
0	10:20	अरु स्थलगत रिपोर्टिङ सँगसँगै सम्बन्धित पक्षको भनाई र तिनलाई गरेर हामी लामो समय रिपोर्टि गर्यौं ।
0	10:25	प्रमाण पुर्याएर लेख्नुभएको रहेछ । तर, पनि तपाईमाथि डर र धम्की आयो नि !
0	10:34	मलाई लाग्छ पत्रकारीता गर्दा हामीले विभिन्न किसिमका डर र धम्कीको सामना गर्नुपर्छ ।
0	10:43	जुन पक्षले चित्त नबुझेको पक्षले आफ्नो ढाकछोप र गल्ती लुकाउनका लागि
0	10:51	हामीलाई तर्साएर फलोअप स्टोरी नगर्नका लागि, कानूनी दायराबाट उम्किनका

0	10:58	लागि सघाऊ पुगोस र निरन्तर रिपोर्टिङ गरिसकेपछि निरन्तर सञ्चारमाध्यमले यो विषय उठान गरिसकेपछि
0	11:04	सम्बन्धित निकाय जवाफदेही भएर छानबीनको दायराम ल्याउनुपर्ने उसको दायित्व पनि हो ।
0	11:12	जनमत पनि सिर्जना हुन्छ । नैतिक दबाव पनि सिर्जना हुने भएकोले फलोअप स्टोरीहरु सकेसम्म फलोअप रिपोर्टिङ नगरियोस भनेर
0	11:20	स्टोरीहरु नआउन भनेको कारण पनि सम्बन्धित पक्षले धम्की दिने त्रास दिने प्रलोभन देखाउने धेरै देखिन्छ यस्तोमा ।
0	11:25	तपाईले कस्तो खालको डर धम्की प्रलोभन पाउनुभयो ?
0	11:34	मलाई सुरुको चरणमा समाचार नलेख्नको लागि मेरा नजिकका आफन्त, नादेदार र साथीभाई मार्फत
0	11:42	विभिन्न प्रकारका अफरहरु आइरहेका थिए ।हामी व्जसायीक पत्रकारीताको हिसाबले
0	11:50	हाम्रो आचारसंहिताको हिसाबले त्यसमा पर्ने कुरा भएन । दोस्रो रणनीतिको रुपमा तर्साउने काम भयो ।
0	11:59	त्यसपछि पनि नभएपछि सम्बन्धित अधिकारीले प्रत्यक्ष टेलीफोनबाट धम्की दिएर
0	12:07	तेरो बालबच्चा छन् त्यो ख्याल गर भन्ने प्रकारले खालको थ्रेड दिइरहेको अवस्था थियो ।
0	12:12	तपाईले आफूलाई कसरी सम्हाल्नुभयो ? कस्तो अनुभव भइरहेको थियो ?
0	12:20	मैले पत्रकारीता गर्ने क्रममा पहिले पनि व्यक्तिहरुबाट पनि त्यस्तो खालको
0	12:28	धम्कीको सामना गरिरहेको थिएँ । यो केसमा फरक खालको
0	12:34	अलि तितो अनुभव पनि छ । जग्गा किनबेचको नाममा ठूलो घोटला भएको सन्दर्भमा
0	12:40	त्यहाँ नेपाल आयल निगमका तत्कालीन कार्यकारी निर्देशक मात्र संग्लग्न थिएनन्
0	12:47	नेपालका राजनीतिक दलका प्रमुख नेताहरुको पनि संग्लग्नता थियो ।
0	12:55	सँगसँगै तत्कालिन विभागीय मन्त्रीको पनि संलग्नता र जग्गा किनबेचमा संलग्न
0	13:04	डनहरु समेत गुण्डागर्दी भएको हिसाबले विभिन्न माध्यमबाट टर्चर दिँदा व्यक्तिगत हिसाबले सुरुको दिनमा विचलित हुने
0	13:13	कतै म यसबाट मेरो जीवन नै असुरक्षित भएको अनुभूति भइरहेको थियो ।
0	13:21	पछि पत्रकार महासंघ, नेपाल प्रेस यूनियन, अन्तराष्ट्रिय पत्रकार महासंघले समेत चासो व्यक्त गरे ।
0	13:31	यो विषयमा संसदीय समितीमा धेरैमा प्रवेश गर्यो । सुरुमा एउटा मात्र समितीमा सेटिङको आधारमा त्यहाँ पनि मिलाउने काम भइरहेको थियो ।
0	13:40	मलाई पछि के अनुभूति भयो भने पब्लिक चासोको विषय भइसकेपछि मलाई केही भइहाल्यो भने
0	13:48	यसबाट केस स्थापित हुन्छ भन्ने भयो । केही भयो भने पनि
0	13:55	सम्बन्धित व्यक्ति नै जवाफदेही हुनुपर्छ भन्ने भइसकेपछि प्रहरी प्रशासनले पनि तपाइसँग हामी छौं भन्ने भयो ।
0	14:03	अन्तराष्ट्रिय पत्रकार महासंघ, नेपाल पत्रकार महासंघ, नेपाल प्रेस यूनियनले मेरो सुरक्षाप्रति चासो व्यक्त गरेर
0	14:11	गम्भिर पनि भए र मेरो संचार गृहले पनि आश्वास्त पारिसकेपछि मलाई रिलिफ फिल भयो ।
0	14:19	डर धम्की आए पनि म निरन्तर रिपोर्टिङ गरिरहें ।
0	14:30	जति धाक धम्की आएपनि मैले बीचमा रोकिन । मैले निरन्तर गरिरहें ।
0	14:38	डर र धम्की दिदा कस्तो भाषा प्रयोग गरेको थियो ?
0	14:45	तपाई आफै अनुमान गर्नुस मेरो एउटा छोरी र श्रीमती छन् ।
0	14:53	तेरो बालबच्चा छन् विचार पुर्याएर रिपोर्टिङ गर भन्ने आशयलाई तपाई आफै अनुमान गर्न सक्नुहुन्छ
0	15:00	तेरो बालबच्चा पनि छन् भनेको त मलाई मनोवैज्ञानिक रुपमा
0	15:07	टर्चर दिएर मलाई गर्न लागेको रिपोर्टिङ नगराउनु हो । जसले पनि काम भन्दा आफ्नो परिवारलाई माया गर्छ ।
0	15:16	तेरो परिवार छ है ख्याल गर भनेपछि
0	15:27	मलाई त्यसले मनोवैज्ञानिक त्रास पनि भएको थियो । आफै सुरक्षा सावधानी अपनाउँदै काम गरें ।
0	15:47	अरु स्टोरीहरु गर्दा अरु मुद्दा उठाउँदा यस्तो समस्या अरुमा भोग्नुपर्यो कि परेन?
0	15:55	कहिलेकाँही मानिसहरु सामुहिक रुपमा पनि प्रतिवाद गर्नैरैछ ।
0	16:03	सामाजिक रुपले बदनाम र दुव्यवहार गर्नैरैछ । त्यो पनि नमिठो अनुभव छ ।
0	16:10	कोभिडको समय थियो । एक जना गर्भवती महिलालाई कोभिडको कारण किर्तीपूरबाट

0	16:17	घर निकाला गरियो । त्यो स्टोरी गरें । त्यहाँ के भएछ भने
0	16:24	किर्तीपूर आसपास विश्वविद्यालय क्षेत्र हो । त्यहाँ धेरै मान्छे डेरा गरेर बस्छन् ।
0	16:31	एउटी महिलालाई घर निकाला गरिएको हुनाले त्यहाँका सबै घरधनीहरु जसले भाडामा लगाएर आफ्नो
0	16:39	जीविकोपार्जन गर्दै आइरहेको छ ।उनीहरुको हिसाबमा उनीहरुको समुदायमाथि नै चरित्र हत्या भयो भन्ने ठाने ।
0	16:47	त्यो घटना वास्तविक थियो । त्यसमा पनि मलाई सामाजिक
0	16:54	सञ्जालमा मेरो फोटो कालोमोसो फोटोमा लगाएर
0	17:02	राखे । त्यसले पनि दुव्यवहार भयो । अर्को नमिठो अनुभव के छ भने काठमाडौँमा बागमती नदी छ ।
0	17:10	त्यहाँ पनि ठूलो सेटिङमा सरकारी जग्गालाई
0	17:17	राज्यको तर्फबाट मुआब्जा निकालेर केही व्यक्तिहरुले स्थानीय जनप्रतिधिको संलग्नतामा
0	17:22	त्यो जग्गा बिक्रि गर्ने कार्य भइरहेको थियो । त्यो शहरी विकास मन्त्रालयसँग सम्बन्धित थियो ।
0	17:31	बागमती नदी किनारको जग्गा राज्यको स्रोतमा दोहन गर्ने हिसाबले
0	17:38	केही मान्छेको सेटिङमा मुआब्जा निकालेर खाने प्रयास भयो ।
0	17:45	त्यो विषय क्याबिनेट लैजाने र त्यहाँबाट निर्णय गर्ने
0	17:51	र राज्यलाई अर्बौं रुपियाको ब्यभार पार्ने प्रयास थियो । त्यो न्यूज रिपोर्टिङ गरें । त्यसपछि
0	17:58	त्यहाँका केही विचौलीयाहरुले मलाई अफिसमै आएर
0	18:05	धम्की दिने यसलाई हामी छाड्दैनौं भन्ने,
0	18:12	मेरो पिछा गर्ने गरे । त्यतिबेला मैले मोबाइल अफ गरेर
0	18:20	अरु लोकेसनमा बसे । केही समय निरन्तर फलो गरे । त्यसपछि यो विषय विषयान्तर भयो ।
0	18:27	राज्यको तर्फबाट अर्बौं रुपिया केही सिमित व्यक्तिहरुले वितरण गर्ने सेटिङमा
0	18:34	भइरहेको उनीहरुको योजना थियो त्यो हाम्रो रिपोर्टिङबाट भंग भयो ।
0	18:41	उनीहरुले जग्गा पाएनन् । विषय बाहिर आइसकेपछि सार्वजनिक चासोको विषय भयो ।
0	18:49	यस्ता अनुभवहरु मैले रिपोर्टिङ गर्ने क्रममा भोगिरहेको छु ।
0	18:57	नेपाल भ्रष्टाचार गर्ने ठाउँमध्ये प्रसिद्ध ठाउँ
0	19:05	भनेर भ्रष्टाचार हुने ठाउँ भनेर पनि चिनिन्छ । नेपालमा भ्रष्टाचार हुने मुख्य कारण के देखुभएको छ ?
0	19:14	नेपालमा भ्रष्टाचार हुने कारण के भन्दा पनि
0	19:21	नेपालमा शुसासन, विधिको शासन, राजनैतिक नेतृत्व, नागरिकप्रति जवाफदेही,
0	19:28	दण्डहिनता भएको कारण जसले अनियमितता गरेको छ उसलाई कानूनी दायरामा ल्याएर
0	19:36	दण्डीत नगर्दा यस्तो समस्या भइरहेको छ । खासगरी ब्युरोक्रेसी, राजनैतिक नेतृत्व र स्वार्थ समुहरु
0	19:47	मिलेमतोमा ठूला ठूला भ्रष्टाचारका मुद्दाहरु हुने गर्छन । नेपालमा नीतिगत भ्रष्टाचार गर्न पोलिटिकल लिडरसिपले पनि हुन्छ । चुनाव लड्ने
0	19:55	चुनावमा ठूलो रकम खर्च गर्ने र त्यो रकम कतै न कतैबाट उठाउनुपर्ने भएकोले स्वार्थ समुहको प्रभाव, विचौलीयाको प्रभाव
0	20:03	र ब्यूरोक्रेसीको समेत संलग्नतामा पनि यस्ता घटनाहरु हुने गरेका छन् । यो गरिबीसँग पनि कुनै न कुनै
0	20:11	जाडिरहेको छ । हाम्रो समाज पूर्ण आर्थिक स्तरले माथिउठिनसकेको अवस्थामा
0	20:18	छोटो समयमा तुरुन्त पैसा आर्जन गर्न चाहने समुह वा गिरोह छन् । त्यो गिरोहका माध्यमबाट
0	20:25	यस्ता भ्रष्टचारका घटनाहरु आउने गरेका छन् । त्यसमा नेपालका अरु ठूला ठूला
0	20:31	मुद्दाहरु पनि सञ्चारमाध्यमले बाहिर ल्याएका कारण सम्बन्धित अधिकारीहरु
0	20:38	अख्तियारको दायरामा आउने तिनलाई कारबाही हुने पनि भइरहेको छ । त्यसमा
0	20:45	सञ्चारमाध्यमले ठूलो भूमिका खेल्दै आइरहेको छ । विशेषगरी शुसासनमा सञ्चारमाध्यमको भूमिका प्रभावकारी देखिराखेको छ ।
0	20:55	ब्यूरोक्रेसी र गिरोहको कुरा गर्नुभयो । प्रेस स्वतन्त्रतामा गिरोहको कुनै भूमिका छ ?
0	21:02	तपाइले राम्रो प्रश्न उठाउनुभयो । नेपालको प्रेस स्वतन्त्रताम सबैभन्दा ठूलो चुनौती यही गिरोहबाट छ ।

0	21:10	नेपालमा प्रेस स्वतन्त्रता पहिले भन्दा धेरै सुधार हुँदै आइरहेको छ । हामी ससत्र द्धन्द्धको
0	21:18	समयमा राज्यबाट धेरै पत्रकारको हत्या पनि भएको थियो ।
0	21:25	रिपोर्टिङ गर्न गैरराज्य पक्षले तत्कालीन ससत्र माओवादीले कब्जामा लिने
0	21:33	यातना दिने गरियो । हत्या नै गरियो । राज्यले पनि लगेर यातना दियो । पछिल्लो समय
0	21:39	त्यो अवस्था छैन तर जुन अगाडी भ्रष्टाचारको विषयमा
0	21:46	स्वार्थ समुहले अनुकुल भएन भने डर धम्की दिने राज्यका निकायले
0	21:52	आफूलाई चित बुझेन भने साइबर ल लगाएर पक्राऊ गर्ने,
0	21:59	सुचनाको स्रोतमा पहुँच नदिने यी प्रकारको कुराले प्रेस स्वतन्त्रतामा
0	22:06	समस्या सिर्जना निश्तिचय नै पनि छ । यसमा राजनीतिक नेतृत्व पनि संलग्न छन् ।
0	22:13	राजनीतिक नेतृत्वले आफू अनुकुल निर्णय भएन भने सञ्चारमाध्यमलाई बद्नाम गर्ने,
0	22:20	यसको विश्वसनियतामाथी प्रश्न उठाउने हुन्छ । त्यसले गर्दा प्रेस स्वतन्त्रतामा समस्या भएको देखिन्छ ।
0	22:28	यस्तो खालका मुद्दाहरुलाई उठाउँदै गर्दा पत्रकारले भ्रष्टाचारको मुद्दा उठाइरहनुभएको छ
0	22:41	यस्तो सुचना प्रवाह गर्दा पत्रकार र सम्पादकमाथि डर धम्की आउँछ नि यसले कुनै खालको डिस्करेज गर्दैन ?
0	22:49	निश्चय पनि । विभिन्न प्रकारका डर धम्की दिदा यसले सेल्फ सेन्सरपिको
0	22:57	अवस्था उठाउन पनि सक्छ । यस्तो अवस्थामा राज्यका निकायले प्रेस स्वतन्त्रतासँग सम्बन्धित कानूनहरु
0	23:06	र पूर्ण प्रेस स्वतन्त्रताको अनुभूति नहुँदा त्यसले निरुत्साहित गर्छ । तर, हामी जुन पेशामा आबद्ध छौं
0	23:13	जुन पेशामा हामी जिम्मेवार छौं त्यो जिम्मेवारी अनुसार हामीले आफ्नो दायित्व पूरा गर्ने विषयमा विचलीत
0	23:23	हुनुहुदैन भन्ने मुलमान्यता त्यसमा अडिग रहेर कार्य गुर्नपर्छ र त्यसैअनुसार कार्य गरिरहेको अवस्था हो ।
		GPJNews_Nepal_YKK_PressFreedom_Interview_003
0	0:07	तपाईले भ्रष्टाचारको समाचार
0	0:16	लेख्दै गर्दा जुन अनुभव गर्नुभयो । त्यो अनुभवले काम गर्ने तरिका वा एप्रोचमा परिवर्तन ल्याएको छ ?
0	0:23	निश्चय पनि । जे कुरा पनि काम गर्दै गएपछि सिकाई पनि हुन्छ ।
0	0:30	म विद्यार्थी नै हुँ । यस्ता प्रकारका रिपोर्टिङ गर्ने क्रममा
0	0:37	पूर्व तयारी व्यापक रुपमा हुनुपर्छ, अलि टिमवर्कमा काम गर्नुपर्छ
0	0:44	भन्ने अनुभूति भइरहेको छ । व्यक्तिले मात्र कार्य गर्दा पहिलो कुरा त्यसको सुचनाको स्रोतमा
0	0:51	पुग्न कठिन हुने, भेरिफिकेसन गर्न कठिनाई हुने सँगसँगै
0	0:58	विभिन्न प्रकारका सम्भावित थ्रेटहरु पनि आउने र यीनलाई सामना गर्नुपर्ने । रिपोर्टिङ गर्दैजाँदा
0	1:05	आफूलाई भएको थ्रेटको सुरक्षा निकायलाई जनकारी दिनुपर्ने ।
0	1:12	सम्पादकीय नेतृत्वसँग समन्वय गर्नुपर्ने कुराहरु गर्नुपर्ने अनुभव भइरहेको छ । यस्तो
0	1:19	रिपोर्टिङमा प्रर्याप्त मात्रामा सुचना संकलन गरिसकेपछि मात्र न्यूजहरु ब्रेक
0	1:26	गर्यो भने भोलीका दिनमा समाचार आफूलाई फलोअप गर्न पनि सहज
0	1:37	हुन्छ । पहिलो मनोबैज्ञानिक रुपमा पनि थ्रेट आउन सक्छ भन्ने कुरा मानसिक रुपमा पनि तयारी गर्नुपर्ने यसले प्रेरणा मिलेको छ ।
0	1:45	तपाईले जुन प्रेरणा पाउनुभयो । जे सिक्नुभयो । नयाँ स्टोरी गर्दा त्यसलाई अप्लाई गर्नुभएको छ कि छैन ?
0	1:51	त्यसपछि रिपोर्टिङमा पनि विभिन्न खालका रिपोर्टिङमा
0	1:58	विभिन्न समस्या झेलें । त्यो पछि योजनाबद्ध रुपमा काम
0	2:05	गर्नुपर्छ भन्ने हिसाबले काम गरें । मेरो परिवारलाई पनि सम्भावित खतराको बारेमा जानकारी गराएँ । मैले
0	2:12	काम गर्ने कुरामा यस्ता दुर्घटना हुनसक्छ भनेर

0	2:22	सचेत गराएँ । टिमवर्कमा पनि काम गरें ।
0	2:29	सुचना लिनको लागि पनि पहिले सुचनाको हक प्रयोग गरेर पर्याप्त सुचनाहरु
0	2:36	भोलीको दिनमा आफूलाई फलोअप स्टोरी गर्न सजिलो होस, त्यो सुचना दिने मान्छे जब बाहिर आइसकेपछि स्केप
0	2:43	पनि हुन सक्छ भनेर पहिले नै सुचना संकलन गरेर राख्यो भने फलो अप स्टोरी गर्न सजिलो हुन्छ ।
0	2:50	विगतको भन्दा अलि जवाफदेही, परिपक्व र व्यवस्थित ढगंले अगाडी
0	2:57	बढ्नुपर्छ र सन्दर्भ सामग्रीहरु पनि त्यहि अनुसार संकलन गुर्नपर्छ, टिमवर्कमा
0	3:00	काम गर्नुपर्छ भन्ने अनुभूति मलाई भयो ।
0	3:06	कुनै नयाँ स्टोरीमा यो अप्लाइ गर्नुभएको छ ?
0	3:09	नयाँ गर्दा निश्चय पनि गरिरहेको छ ।
0	3:12	एउटा दुइवटा उदाहरण दिनु न ।
0	3:19	हामी विभिन्न प्रकारका
0	3:26	स्टोरीहरु न्युजरुमसँग छलफल गरेर गरिरहेका हुन्छौं । पहिले
0	3:33	आयल निगमको जग्गाको गरे ।त्यसपछाडी मैले
0	3:40	मोटिहानीको एउटा जग्गा महन्तले आफ्नो नाममा ल्याएर सरकारी
0	3:47	जग्गा मठमन्दिरको जग्गा ल्याएर कसरी बेचे भन्ने स्टोरी अलि व्यवस्थित तरिकाले गरिराथे ।
0	3:54	महन्तलाई पनि गुठी सँस्थानले उनलाई पदबाट बर्खास्त गर्यो । अहिले
0	4:01	ती महन्तलाई सरकारले प्रक्राउ गरेर, जालसाजी किर्ते काम गरिरहेकोले
0	4:08	अहिले प्रहरी कस्टडीमै छन् । त्यो पहिलेको रिपोर्टिङमा भन्दा पछिल्लो रिपोर्टिङमा
0	4:15	पनि डर धम्की आउने स्वभाविक हो तर पछिल्लो रिपोर्टिङमा अलि सजिलो र व्यवस्थित
0	4:22	भयो । सुचनाहरु पहिले नै कसरी संकलन गर्ने आफ्नो स्रोतहरुलाई कसरी सुरक्षित गर्ने र कसरी
0	4:27	प्राप्त गर्न सकिन्छ भन्ने त्यसमा मैले एप्लाई गरेको थिएँ । त्यसमा मलाई अलि सहज त भएको थियो ।
0	4:29	तपाईले यो समाचार कहिले गर्नुभयो?
0	4:36	यो पहिलो आयल निगमको २०७४ सालमा हो ।
0	4:43	पछिल्लो समाचार २०७६ सालमा हो जस्तो लाग्छ मलाई । त्यो निरन्तर
0	4:50	फल्प्अप गर्यौं र निरन्तर फलोअप गरेपछि केही राज्यको सम्पत्ति जोगियो । ती व्यक्ति
0	4:57	जगन्नाथदास वैष्णव भन्ने मोटिहानीका महन्त हुन् । के पनि देखिन्छ भने
0	5:04	सबै साँसारीक जीवन छाडेर धर्ममा लागेको मानिस पनि भ्रष्टाचारमा लिप्त हुनैरैछ
0	5:11	भन्ने त्यो घटनाले फरक फिलिङ पनि भयो । त्यहि घटनासँग सम्बन्धित रहेर उनले किर्ते जालसाजी गरेको र
0	5:18	सरकारी सम्पत्ति दुरुपयोग गरेको र बैंकबाट पैसा निकालेको आरोपमा अहिले
0	5:22	उनी प्रहरी हिरासतमै छन् ।
0	5:29	अहिले विंस २०८० चलिरहेको छ । त्यतिबेला गरिरहेको
0	5:38	पत्रकारीता र अहिले गरिरहेको पत्रकारीतामा के फरक छ ? कस्तो लाग्छ तपाइलाई ?के परिवर्तन भएको जस्तो लाग्छ ?
0	5:45	पत्रकारीताको जस्तै किनकी अहिले केही पत्रकारीतामा
0	5:52	आयाममा केही परिवर्तन देखिन्छ । इतिहास हेर्यौं भने
0	5:59	छापापत्रकारीता, रेडियो, टेलिभिजन हुँदै अहिले डिजीटल प्ल्याटफर्ममा पत्रकारीताको अहिले
0	6:06	धेरै भरपूर प्रयोग हुँदै आइरहेको छ । अहिले अनलाइन सञ्चार माध्यमहरुले । अहिले इन्टरनेटको एक्सेस
0	6:13	बढिरहेको छ र सामाजिक सञ्जालको पहुँच सबैमा पुगिरहेको छ । पहिले जुन हिसाबले संचारमाध्यम
0	6:20	प्रिन्ट मिडीयाको जुन प्रभाव रहन्थ्यो अहिले पत्रकारीताको आयाम परिवर्तन भएको हिसाबले डिजीटल
0	6:27	प्ल्याटफर्मले बढी डोमिनेट गरिरहेको अवस्था छ । किनकी सुचनाहरु नागरिकहरुले तुरुन्ता तुरुन्तै

0	6:34	आफ्नो सामाजिक सञ्जालबाट ब्रेक गरिरहेको छ र खासतः अनलाइनहरुमा पत्रिकामा गर्दा
0	6:41	लङ फर्ममा काम गर्छौं । जस्तै मैले अहिले नागरिक दैनिकमा काम गरिराछु । हाम्रो नागरिक दैनिक अनलाइन संस्करण पनि छ ।
0	6:48	लङ फर्ममा काम गर्ने कुरा त्यसले नीतिगत तहमा पत्रिकाले प्रभाव पार्ने कुरा त स्वभाविक
0	6:55	हो तर डिजिटल मिडियामा आएको प्रविधिको विकाससँगै इन्टरनेटको पहुँचले सबैको हातहातमा स्मार्ट फोन छ ।
0	7:02	गाउँ गाउँमा इन्टरनेट पुगिरहेको छ । सबैले मोबाइलबाट सुचना लिइरहेका छन् । त्यो हिसाबले पत्रकारीता
0	7:09	डिजीटलतर्फ उन्मुख भइरहेको छ । अनलाइन सञ्चारमाध्यमहरुले डोमिनेट गरिरहेको अवस्था छ । त्यो भएको हिसाबले
0	7:16	पहिला जुन धैर्य गरेर समाचार साप्ताहिकको ट्रेन्ड थियो । अहिले तुरुन्ता तुरुन्तै समाचार
0	7:23	ब्रेक गर्नुपर्ने अर्कोले सुचना दिने अलि प्रतिस्पर्धा पनि बढिरहेको छ र अलि छटो काम गर्नुपर्ने देखिरहेको अवस्था छ ।
0	7:28	
		GPJNews_Nepal_YKK_PressFreedom_Interview_005
0	0:11	तपाईले आयल निगमको स्टोरी गर्दा प्रेस स्वतन्त्रताको अवस्था कस्तो थियो र २०८० मा आउँदा अहिले कस्तो छ ? के परिवर्तन पाउनु भएको छ ?
0	0:19	पत्रकारीता गर्दै गर्दा प्रेस स्वतन्त्रतालाई जोडेर हेर्दा
0	0:28	विगतमा पनि पत्रकारीताका प्रेस उल्लघंनका घटनाहरु भइरहेका थिए ।
0	0:37	सङ्ख्यात्मक रुपमा केही कमी आएको हुनसक्छ । तत्कालिन समयमा यस्ता ठूला घटना म आफैले उजागर गरिसकें भनेपछि
0	0:45	अरुलाई पनि यस्ता रिपोर्टिङ गर्नुपर्छ र यस्ता कुरा बाहिर ल्याउनुपर्छ भनेर अरू साथीहरुलाइ मनोबल पनि बढ्यो ।
0	0:52	विशेषगरी राजनीतिक नेतृत्वमा यो समस्या अहिले पनि देखिन्छ । किनकी राजनीतिक
0	0:59	नेतृत्वको विषयमा उनीहरुको अनुकुल समाचार प्रसारण भएन भने उनीहरुका कार्यकर्ताद्धारा
0	1:06	स्थलगत रुपमा रिपोर्टिङमा गएका साथीहरुलाई धाक धम्की दिने, सामाजिक सञ्जालको माध्यमबाट
0	1:13	उनीहरुलाई बद्नाम गर्ने प्रकारले काम गर्ने, डिजीटल प्रविधिको विकास र सामाजिक सञ्जालको जुन
0	1:20	प्रयोग छ त्यसको माध्यमबाट उनीहरुको अनुकुल कन्टेन्टहरु तयार भएनन् भने पत्रकार र सञ्चारमाध्यमकै
0	1:27	विश्वसनियतामाथि प्रश्न उठाउने गलत भाष्य सिजर्ना गर्ने प्रकारका गतिविधि भइरहेका हिसाबले केही
0	1:34	सङ्ख्यात्मक रुपमा सुधार भएको त देखिन्छ तर, प्रवृत्तिगत हिसाबले सञ्चार माध्यमलाई आफू अनुकुल
0	1:41	ढाल्न खोज्ने प्रवृत्ति देखिन्छ र अहिले पनि प्रेस स्वतन्त्रताको विषयमा चुनौती छ ।
0	1:48	नेपालका सञ्चारमाध्यम र पत्रकारहरुले यसको सामना गरिरहेका छन् ।
0	1:56	नेपालमा प्रतिबन्ध वा बन्देज लगाइएका कुनै सवाल वा विषय तपाइले कभर गर्नुभएको छ अहिलसम्म ?
0	2:03	नेपालको हकमा नेपाल लोकत्रान्त्रिक मुलुक हो । पहिले
0	2:10	नेपालमा राजतन्त्रात्मक व्यवस्था थियो त्यो अवस्थामा अलि सुचनाहरु बन्देज गरिएका थिए ।
0	2:17	पछिल्लो समयमा ठ्याक्कै यो क्षेत्रमा बन्देज भन्ने अलि कम छ । नेपालको सन्दर्भमा विशेषगरी
0	2:24	नेपाली सेना सम्बन्धित विषयहरु कम आइरहेको पाउँछौं ।
0	2:31	त्यो सेक्योरिटीको हिसाबले होला । तर, अरु विषय नेपाल
0	2:38	सरकारले सुचनामा प्रतिबन्ध नै लाइरहेको अवस्था छैन । तर राज्यका निकायहरुले विशेष स्वार्थ समुहहरुको
0	2:45	प्रभावमा परेर केही सुचनाहरु लुकाउने मनशायले नेपाल सरकारले कानून बनाउने प्रयास गरिरहेको थियो।
0	2:52	तर, नेपाल पत्रकार महासंघ, नेपाल प्रेस यूनियन लगायतका संस्थाहरुले यो विषयमा तत्काल विरोध गरे । त्यस्तै नागरिक तहबाट पनि
0	2:59	सुचना तुरुन्त दिनुपर्छ भन्ने हिसाबले दबाब पनि सिर्जना भयो । राज्यले सुचना लुकाउने होइन
0	3:06	विशेषगरी राष्ट्रिय सुरक्षासँग, साम्प्रदायीक हिसाबले खलबल हुने हिसाबले दुई पक्षिय
0	3:13	सम्बन्धको विषय यस्तो विशेष प्रकारका विषय कानूनतः र संविधानको हिसाबले गरेका व्यवस्था बाहेक अरु सुचना
0	3:20	लुकाउन पाइदैन भन्ने नीतिगत व्यवस्था छ त्यसको कारणबाट कुनै क्षेत्रमा त्यस्तो प्रतिबन्ध भएको कारण
0	3:27	रिपोर्टिङ गर्न नसक्ने अवस्था चाँहि छैन । तर, धेरै सुचनाहरु लुकाउन खोज्ने प्रवृत्ति छ । पछिल्लो समय

0	3:34	सुचनाको हक सम्बन्धि ऐन नेपालमा बन्यो त्यसले पत्रकारलाई केही सहयोग पुगेको छ । मौखिक रुपमा सुचना दिएन भने
0	3:41	लिखित रुपमा सुचनाको हक प्रयोग गरेर सुचना माग्ने र त्यहाँबाट पनि भएन भने राष्ट्रिय सुचना आयोग छ सुचना आयोगमा जाने ।
0	3:48	सुचना आयोगले सम्बन्धित व्यक्तिलाई तोकिएको समयमा सुचना दिनुपर्ने निर्देशन दिन्छ ।
0	3:51	त्यसले अलिकती सहज भने भएको छ ।
0	4:01	मैले सोध्न खोजेके नेपाल सरकारले बन्देज लगाएको कुनै विषयमा तपाइले लेख्नु भएको छ कि छैन ?
0	4:08	मैले अघि भने नेपाल सन्दर्भमा कुनै पनि सुचनाहरु पूरै प्रतिवन्ध लगाएको र त्यसबारे लेख्नै नपाइने अवस्था
0	4:15	भन्ने छैन । नेपाल एउटा लोकतान्त्रिक मुलुक हो । त्यो भएको हिसाबले सुचनाहरु पूरै प्रतिबन्ध
0	4:22	लगाएको कानूनी हिसाबले त्यस्तो प्रतिबन्ध नलगाएको हिसाबले
0	4:29	हामीले गर्ने रिपोर्टिङमा हामीले फेरी बिट रिपोर्टिङ अबधारणा छ । आफ्नो बिटमा बढी
0	4:36	रिपोर्टिङ गर्ने भएकोले त्यस्तो विषय खास छैन ।
0	4:43	नेपालमा पत्रकारहरूले लेख्न वा बोल्न नसक्ने त्यस्ता कुनै विषयहरू छ ?
0	4:50	विशेषगरी नेपालको संविधानले प्रेस स्वतन्त्रता सुनिश्चित गरिरहेको छ ।
0	4:57	केही विषयहरु भने रिपोर्टिङको लागि नेपाललाई
0	5:04	असर पुग्ने त्यस्ता विषयहरु रिपोर्टिङ नगर्ने भनिरहेको छ । विशेषगरी
0	5:11	शान्ती, सुरक्षामा खलल पुग्ने, राष्ट्रिय अखण्डतामा समस्या सिर्जना हुने,
0	5:18	दुई देशको सम्बन्धमा दरर उत्पन्न गर्ने, जातीय र
0	5:25	सम्प्रदायिक दंगा भड्काउने, व्यक्तिगत गोपनियतामा आँच पुर्याउने
0	5:32	विषयमा लेख्न नमिल्ने भनिएको छ ।
0	5:39	राष्ट्रियतासँग जोडिएका विषय र व्यक्तिको व्यक्तिगत गोपनियता
0	5:46	संविधानले नै रक्षा गरिरहेको विषय छ यी विषय बाहेक अरु विषयमा त्यस्तो प्रतिबन्ध लगाइरहेको
0	5:53	विषय चाँहि छैन । प्रतिबन्ध नलगाएको भएपनि विशेषगरी राज्यका अधिकारीहरुले जुन
0	6:00	सुचनाहरु बाहिर ल्याउँदा उनीहरुको व्यक्तिगत हिसाबले हुने जस्तै अगाडी हामी लामो
0	6:07	नीतिगत भ्रष्टाचारको विषयमा हाम्रो छलफल पनि भयो, त्यस्ता विषय लुकाउन
0	6:14	खोज्ने प्रवृत्ति छ । त्यस्ता विषय सकेसम्म नदिन खोज्ने प्रवृत्ति अहिले पनि राज्यका निकायमा
0	6:22	देखिन्छ । सुचनाका हक प्रयोग गरेर कति विषयहरु आइरहेका छन् कति विषयहरु नआइरहेको अवस्था पनि पाइन्छ ।
0	6:26	
		GPJNews_Nepal_YKK_PressFreedom_Interview_006
0	0:09	नेपालमा प्रेस स्वतन्त्रता किन सीमित गरिएको छ जस्तो लाग्छ र के कुराले त्यसमा योगदान गरे जस्तो लाग्छ ?
0	0:17	नेपालमा कानूनी हिसाबले हेर्दा केही हदसम्म जस्तै
0	0:24	अगाडी पनि हामी चर्चा गर्या संविधानमा प्रेस स्वतन्त्रताको सुनिश्चित गरिएको छ । सुचनाको हकको व्वस्था गरिएको छ ।
0	0:30	प्रेस स्वतन्त्रतासँग सम्बन्धित विभिन्न ऐन कानूनहरु प्नि बनिरहेका छन् । तर, विभिन्न
0	0:38	स्वार्थ समुहको कारण राजनैतिककरण नेपालमा व्यापक रुपमा हुन्छ अलि गुण्डागर्दी पनि छ ।
0	0:44	यसमा स्वार्थ समुहले आफू अनुकुल समाचार प्रकाशन, प्रसारण गर्न लगाउने र
0	0:51	नेपालमा सञ्चारसँग सम्बन्धित नियामक निकायममा राजनैतिक नियुक्ति पनि छ । विभिन्न सञ्चार माध्यमले प्रकाशन गरेका समाचारलाई राजनैतीक
0	1:00	आँखाबाट हेरीने प्रवृत्ति पनि छ । जुन सुचनाहरु सत्य तथ्यमा आधारित समाचारहरु छन् तर त्यसलाई
0	1:07	कुनै राजनीतिक दलको कुनै लिडरसीपको अगेन्स्टमा भयो भने अरुले
0	1:15	त्यसलाई प्रयोग गर्ने जुन प्रवृत्ति छ त्यसको कारण पनि सिमीत भएको र आफू अनुकुल नभएको कारण
0	1:21	सञ्चार माध्यमले सत्य र तथ्यमा समाचार प्रकाशित गरिरहेको हुन्छ र पनि ती स्वार्थ समुह राजनैतीक नेतृत्वबाट

0	1:28	अलिकती प्रभावित भएको कारण पनि प्रेस स्वतन्त्रता जुन हिसाबले उपभोग गर्न पाउनुपर्ने
0	1:36	हो त्यो चाँहि नपाइएको अवस्था चाँहि कानूनी रुपमा लिखीतमा चाँहि छ तर, व्यवहारमा अनुभूति हुने गरी
0	1:43	नभइरहेको कुरा छ । प्रेस स्वतन्त्रता भन्ने बितिकै कुनै समाचारहरु बाधा व्यवधान
0	1:50	नभइकन स्वतस्फूर्त रुपमा प्रकाशन प्रसारण गर्नुपर्ने हो । कता न कता
0	1:57	ती विषयवस्तुहरु बाहिर आइसकेपछि त्यसले पार्ने प्रभाव र बिचमै रोक्ने
0	2:05	समेत खेल हुनेगरेको छ । यसले कुण्ठित गरेको हो कि केही सिमीतता भएको हो कि भन्ने देखिन्छ ।
0	2:07	केही उदाहरणहरु भ्निदिनु होस् न ।
0	2:18	सेतोपाटी अनलाईनले निर्वाचनको समयमा
0	2:25	तत्कालिन समयमा नेपाल सरकारका
0	2:33	महान्याधिवक्ता अग्नि खरेल पूर्वमन्त्रि पनि हुनुहुन्थ्यो । उहाँको छोरा अमेरीकाको
0	2:40	सेनामा हुनुहुन्थ्यो । हुनलाई त्यो विषय सञ्चारमाध्यमले
0	2:48	तत्कालीन समयमा नै सुचना पाएर प्रकाशित गरेको हुनसक्छ । चुनावको सन्दर्भ थियो
0	2:56	तत्कालीन अवस्थामा उहाँले उजुरी गर्नुभयो । पत्रकारीता क्षेत्रकै नियामक निकाय नेपाल प्रेस काउन्सिल
0	3:04	त्यो समाचार हटाउन भन्यो । मेरो विचारमा सुचना कुन सन्दर्भमा आयो फरक विषय हो
0	3:12	तर सत्य तथ्यमा आएको सुचना नेपाल सरकारको एउटा निकाय ले कुनै राजनैनिक नेतृत्वको प्रभावमा परेर हटाउन खोजियो भने
0	3:19	त्यो गलत हुनसक्छ । नागरिक दैनिकमा प्रकाशित भएको समाचारलाई लिएर
0	3:27	नागरिकका संपादक गुणराज लुइटेललाई स्पष्टिकरण सोध्ने कार्य भयो । राज्यका नियामक
0	3:34	निकाय नेपालको सन्दर्भमा पत्रकारिता क्षेत्रको आचारसंहिता कार्यान्वयन गर्ने निकाय प्रेस काउन्सिल हो ।
0	3:41	पत्रकारीताको अनुगमन पनि गर्छ । पत्रकारमा परेको समस्याको विषय र कसैले
0	3:50	कन्टेन्टमा चित बुझेन भने त्यहाँ गएर उजुरी गर्न सक्छ । प्रेस काउन्सिलले त्यसलाई सच्याउन पनि सक्छ । कहिलेकाँही त्यो
0	3:58	संस्था राजनैतिक प्रभावमा परेर संचारमाध्यमलाई निर्देशन गरेको पनि पाउँछाँै । कहिलेकाँही सञ्चारमाध्यम
0	4:04	नै कुनै राजनैतिक समुहबाट प्रेरित भएको कारण स्वार्थ समुहबाट प्ररित भएको कारण
0	4:11	कहिलेकाँही सञ्चारमाध्यम पनि आफ्नो दायित्वबाट बिमुख भएको
0	4:18	देखिन्छ । पछिल्लो समय सामाजिक सञ्जालमा भएको विकासले हामीले गल्ती गर्यौं भने
0	4:25	जनता पनि वाचडगको रुपमा छन् । नागरिक पत्रकारीताको अभ्यास पनि भइरहेको छ । उनीहरुले सामाजिक सञ्जालमा लेखेर
0	4:32	त्यसको विषयमा स्वस्थ आलोचना गरेर करेक्सन गर्ने वातावरण पनि सिर्जना भइरहेको छ । यसरी हेर्दा
0	4:39	कुनै न कुनै हिसाबले यी स्वार्थ समुहको राजनैतिक दलको कारणबाट प्रेस स्वतन्त्रतालाई खुम्च्याउने र सरकारका नियामक निकायबाट पनि
0	4:47	कुनै न कुनै हिसाबले त्यस्तो प्रभाव र त्यस्तो योगदान पुर्याएको देखिन्छ । हामीले त्यसबाट माथि उठेर
0	4:54	व्यवसायीक रुपमा पत्रकारीता गर्नुपर्छ । आम नागरिकका चासोसँग जोडिएका विषयहरु
0	5:01	हामीले गरिरहेको पत्रकारीताले नागरिकलाई सुसुचित गरिरहेको छ । हाम्रो दायित्वसँगै नागरिकका अधिकार पनि हो भन्ने ढगंले पनि लिनुपर्छ ।
0	5:10	नेपालको कानुनले प्रेस स्वतन्त्रतालाई त्यती सीमित नगरेको देखियो तपाईको कुरा अनुसार
0	5:17	अभाव, दबाव र प्रभावले गर्दा प्रेस स्वतन्त्रतालाई कसरी फरक पार्छ ?
0	5:24	यहाँले महत्वपूर्ण कुरा उठाउनुभयो । अभाव, दवाव र
0	5:30	प्रभावको कारण जस्तै सेल्फ सेन्सरसिपको कुरा गर्यौं । समाचारका कन्टेन्टहरु बिचमै किल गर्ने कुरा गर्यौं ।
0	5:37	समाचार प्रकाशित भइसकेपछि त्यसलाई फलोअप स्टोरीमा रोक्ने काम पनि भइरहेको छ । त्यो राजनैतिक उच्च
0	5:44	नेतृत्व स्वार्थ समुह विचौलीया त्यो जसको प्रभाव छ जो शक्तिमा रहिरहेको छ उसले आर्थिक
0	5:51	लगानी पनि गर्न सक्छ । त्यो भएको कारण प्रभावित हुने सम्भावना छ । तर, हामी पत्रकारहरुले यस्ताबाट
0	5:58	विचलीत नभइकन आफ्नो व्यवसायिक धर्म अनुसार आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने लाग्छ ।
0	6:03	यदि त्यस्तो भयो भने वा प्रभावित भयो भने पत्रकारहरुले के गुमाउनुपर्छ ?

0	6:11	यो एकदम महत्वपूर्ण कुरा हो । जब हामी नागरिक अरु पेशा व्यवसाय जस्तो पत्रकारीता
0	6:18	होइन । हामी पत्रकार र पत्रकारीता पेशा सामाजिक उत्तरदायित्व सहितको पेशा हो । यो जनताप्रति
0	6:24	उत्तरदायी हुनुपर्छ । हामीले अहिले दिने सुचनाका संवाहक पनि हौँ । एउटा कुनै घटना हाम्रो माध्यमबाट सञ्चारको माध्यमबाट
0	6:31	आम नागरिकसम्म पुर्याउनुपर्ने एउटा दायित्व छ । त्यो भएको कारणबाट त्यसमा बिचलित हुने काम भयो
0	6:38	भने त्यसले समाजमा बेथिती फैलाउँछ । भ्रष्टाचार बढाउँछ। त्यसले अनियमितता बढाउँछ । त्यसले अल्टिमेट्ली
0	6:45	सुसंस्कृत समाज मन लगाएको तरिकाले गर्दा हाम्रो लोकतान्त्रिक व्यवस्थामा समस्या सिर्जना हुन सक्छ ।
0	6:52	एउटा खुल्ला पारदर्शि समाज बनाउनक लागि मिडियाले महत्वपूर्ण भूमिका खेलिरहेको छ । यी कुरा लुकाउने बीचमा
0	7:01	आफ्नो पेशागत दायित्व पूरा गरेन भने यसले निश्चय नै पत्रकारीता पेशाको लागि मुलुकको लागि र गणतान्त्रिक मुलुकको लागि राम्रो कुरा चाँहि होइन ।
0	7:04	नागरिकले के गुमाउँछ ? के कुरामा घाटा हुन्छ ?
0	7:12	नागरिककले आफ्नो मुलुकमा भएका हरेक गतिविधि
0	7:18	सुचनाहरु थाहा पाउने नागरिकको दायित्व हो । तिनै सञ्चारमाध्यमबाट नागरिककले आफ्नो विचार पनि निर्माण गर्छन । समाजमा
0	7:26	भएका बेथितीलाई तपाईले सञ्चारमाध्यमबाट बाहिर ल्याउनुभयो त्यसलाई न्यूनिकरण गर्न नागरिक
0	7:33	तहबाट दबाब सिर्जना गर्ने राज्यका तर्फबाट ध्यानाकर्षण गर्ने, खबरदारी गर्ने यीनै माध्यबाट
0	7:40	राजैनैतिक नेतृत्व गलत गरिरहेको छ भने त्यो कुरा सञ्चारमाध्यबाट नै थाहा हुन्छ । त्यसलाई दण्डित काम गर्ने समेत हुन्छ ।
0	7:48	एउटा व्यवस्थामा समेत समस्या हुनसक्छ त्यसलाई व्यवस्थित ढंगले अगाडी बढाउन सकेनौं भने । त्यो भएको कारणले नागरिक सुसुचित
0	7:55	हुन पाएन र सुचना नै पाएन भने त्यसले अल्टिमेट्ली नागरिक र समाजलाई क्षति पुर्याउँछ ।
0	8:05	त्यो भएको कारण सही सुचना सही समयमा सत्यतथ्य सुचना दिने पत्रकारको नागरिकको दायित्व हो । त्यसबाट नागरिककलाई बिमुख बनाउन हुदैन ।
0	8:13	तपाईलाई के लाग्छ, नेपालमा प्रेस स्वतन्त्रता सुरक्षा गर्न नागरिकहरुको कस्तो भूमिका वा सहयोग हुन सक्छ ?
0	8:24	पत्रकारीता गरिरहदा उठाएका
0	8:31	विषयवस्तुलाई नागरिकले साथ दिनसक्छ । राज्यका निकायलाई दबाव सिर्जना गर्न सक्छ
0	8:40	मिडीया लिट्रेसी बढाउन पनि नागरिकको दायित्व हुनसक्छ । गलत सुचनालाई गलत भन्ने र सही सुचनालाई सही
0	8:47	छुट्याउन पनि नागरिकले सक्छ । नागरिकै
0	8:54	संलग्नता भएका संगठनहरुले पत्रकारमैत्री र प्रेस स्वतन्त्रतामैत्री कानुन निर्माण गर्न आफ्ना जनप्रतिनिधिलाई
0	9:00	सुझाव दिन सक्छ । दबाब दिन सक्छ । त्यो मार्फत कानून निर्माण गर्ने तहमा पनि सहयोग पुग्छ ।
0	9:08	नेपालमा पत्रकारहरु कति सुरक्षित छन् ? उनीहरुलाई सुरक्षा दिन न्युजरुमहरुले के गर्न सक्छन् ?
0	9:17	नेपालमा पत्रकारहरु पूर्ण रुपमा असुरक्षित र ढुक्क हुने वातावरण पनि छैन ।
0	9:24	विभिन्न प्रकारका धाकधम्की सामना गर्नुपरेको अवस्था नै छ । विशेषगरी सञ्चारमाध्यमले गर्न सक्ने भनेको के हो भने
0	9:31	जब पत्रकारले समाचार लेखिसकेपछि न्युज रुमले समाचारको विश्वसनियतामाथि
0	9:38	त्यसको क्रस फेरीफाई गर्नुपर्छ । किनकी त्यसको अथेन्टिसिटीमाथी
0	9:44	प्रश्न उठायो भने त्यो पत्रकार र सञ्चारमाध्यममा पनि त्यसको विश्वसनियता
0	9:50	गुम्नसक्छ । सँगसँगै टिमवर्कमा काम गर्ने वातावरण सिर्जना गर्न सक्छ ।
0	9:57	पत्रकारलाई धाकधम्की आयो भने त्यसलाई सुरक्षाको प्रवन्ध पनि व्यवस्था मिलाउन सक्छ । नेपालको सन्दर्भमा
0	10:05	विभिन्न समयमा समाचार लेखेको कारण मुद्दा दायर गर्ने उसलाई मनोवैज्ञानिक त्रास दिने भएकोले
0	10:12	काउन्सिलीङको पार्टमा पनि सहयोग गर्नुपर्छ । कानूनी लडाईमा मेरो आफ्नो भोगाई भन्दा
0	10:20	मेरो सन्दर्भमा पनि विभिन्न पटक मुद्दा दायर गर्यो । एउटा पत्रकारले आफै कानून व्यवसायी
0	10:27	राखेर मुद्दा फेस गर्न नसक्ने अवस्था नहुन सक्छ । सञ्चारमाध्यमले
0	10:34	त्यसमा पनि लिगल पार्टमा पनि सहयोग गरिरहेको हुन्छ र टिमवर्कमा काम गर्न सहयोग गर्छ । यस्ता विविधध विषयमा उसलाई ढाढस दिने
0	10:41	केही अप्ठ्यारो पर्यो भने हामी छौं भन्ने प्रकारको सँगसँगै अरु सुरक्षाको प्रवन्ध मिलाउने र पारीवारिक
0	10:48	व्याकपमा समेत उसलाई मनोवैज्ञानिक पार्टमा काउन्सिलिङ गर्ने आदि गर्नसक्छ ।

0	10:54	पत्रकारहरुले नेपालको सन्दर्भमा कस्तो खालको मनोवैज्ञानिक त्रासहरु बोकीरहेका छन्, लेखेकै कारण वा बोलेकै कारणले ?
0	11:01	पछिल्लो समय डिजिटल प्ल्याटफर्मको विकास भइसकेपछि
0	11:10	पहिले सम्बन्धित पक्ष समाचारको विचमा चित्त नबुझेको जस्तो राजनैतिक नेतृत्व भयो ।
0	11:16	स्वार्थ समूहहरु भए । ब्यूरोक्रेसीले व्यक्तिगत रुपमा टर्चर दिने खालको थियो । अहिले
0	11:22	पछिल्लो समयमा आफू आवद्ध राजनैतिक दलको नेता
0	11:30	उसले गरेको गलत कामको विषयमा केही समाचार बाहिर ल्यायो भने सामुहिक रुपमा सामाजिक सञ्जालबाट एक हिसाबले
0	11:37	आक्रमण गर्ने नेपालको सन्दर्भमा साइबर सेना भनेर पनि
0	11:45	कुनै कुनै अमुक राजनैतिक दलहरुले चित्रित गरेको पनि पाइन्छ र राजनैतिक दलका कार्यकर्ताले पत्रकार र
0	11:52	पत्रकारीता क्षेत्रलाई बद्नाम गर्ने हिसाबले त्यो माथि सामाजिक सञ्जालमा
0	12:00	चरित्रहत्या गर्ने यसले सञ्चारमाध्यमले उठान गरेको विषयलाई समेत विषयान्तर गरिदिने
0	12:06	त्यो विषय समाजिक सञ्जालको डिजीटल प्लाटफर्म प्रयोग गरेर किनकी
0	12:15	पत्रकारीतासँग आबद्ध सङ्ख्या त थोरै छ । तर, के भने सामाजिक सञ्जालमा आएको डिजीटल प्रविधिको विकासले सामाजिक सञ्जालको
0	12:22	माध्यमबाट कुनै पनि राजनैतिक दलका कार्यकर्ता हजारौं छन् धेरै मानिसले त्यहि कुरा लेख्यो भने बाहिर आम मानिसमा भ्रम सिर्जना गर्न
0	12:27	त्यसलाई सत्य बनाउनका लागि त्यस्तो काम गरिरहेको हामीले देख्छौं । पछिल्लो समय
0	12:35	युटुबको विकास भइरहेको छ केही अमुक राजनैतिक दलका नेताहरुले आफू अनुकुलका
0	12:43	केही व्यक्तिहरुलाई संस्थागत ढंगले व्यवसायीक ढंगले कतै दर्ता नभइ चलाइरहेको युटुबहरुमा आफ्ना विचारहरु
0	12:51	राख्ने तीनै आधिकारीक हुन भन्ने त्यस्तो प्रवृति देखिरहेको छ । त्यसले एउटा चुनौती पत्रकारीतामा देखिरहेको अवस्था चाँहि छ ।
0	12:57	तपाईलाई के लाग्छ नेपालमा पत्रकारहरुको उज्वल भविष्य छ रु
0	12:04	नेपालमा कुनै पनि पेशा त्यसलाई व्यवस्थित रुपमा
0	13:11	स्चालन गर्न सकियो भने सुरक्षित नहुने भन्ने त होइन ।
0	13:18	तर, पछिल्लो समय डिजीटल प्ल्याटफर्ममा आएको विकास, इन्टरनेटको पहुँच नेपालमा पत्रकारीताको भविष्यको कुरा गर्दा
0	13:27	समाजको विकासक्रमसँगै अवसरहरु
0	13:37	सिर्जना हुदै जान्छन् । पत्रकारीताको आयामहरु अलिकती परिवर्तन भइरहेको छन् । त्यसले गर्दा पत्रकारीतामा
0	13:45	अवसर पनि सिर्जना गर्दै आइरहेको छ । पहिले रेडियो टेलिभिजन पत्रिका थिए अहिले इन्टरनेट
0	13:52	र न्युज पोर्टलहरु धेरै फस्टाइरहेको छ । किनकी सबैको हातहातमा मोबाएल इन्टरनेट छन् ।
0	14:00	यसले कामको सिर्जना पनि गरिरहेको छ । सँगसँगै हामी क्लालिटीको
0	14:07	कन्टेन्ट दिन सक्यौं भने यसले आम जनतामा प्रभाव पनि पार्छ
0	14:15	र आफ्नो क्षमता पनि विकास हुन्छ । थप अवसर पनि सिर्जना गर्छ । जुन पछिल्लो
0	14:23	डिजीटल प्ल्याटफर्ममा नै केन्द्रित हुनुपर्ने जस्तो देखिन्छ । नेपालमा
0	14:30	यही पत्रकारीता पेशालाई मुख्य पेशा बनाएर
0	14:38	अगाडी बढ्नेको सङ्ख्या पनि बढिरहेको छ । सञ्चारमाध्यमको सङ्ख्या पनि
0	14:46	बढिरहेको छ । पछिल्लो समय विश्वव्यापी रुपमा बढीरहेको आर्थिक मन्दीको कारण केही सञ्चारमाध्यममा विज्ञापनको
0	14:52	केही कटौतीले केही प्रभाव पारेको त देखिन्छ । यो सुधार हुदै जाला ।
0	14:56	हामी दक्ष जनशक्ति तयार पारेर काम गर्न सक्यौं भने पत्रकारीता पेशा थप व्यवस्थित हुदै जानेछ ।
0	15:00	थप अवसर पनि सिर्जना हुनेछ र समाजलाई पनि थप योगदान गर्न सक्छ ।
0	15:07	नेपालमा पत्रकारको सुचनामा पहुँच कति छ, सुचना प्राप्त गर्न कति कठिन छ
0	15:17	र लुकाउन खोजिएको वा जनतालाई दिन नखोजिएको सुचना कसरी बाहिर ल्याउनु भएको छ रु
0	15:24	सुचनाको पहुँचमा जनतासँगै पत्रकारको पनि पहुँच वृद्धि हुदै गइरहेको छ ।
0	15:31	सरकारी निकायहरुले केही सुचनाहरु राज्यले कानून बनाएर

0	15:38	नियमित रुपमा प्रकाशन गर्नुपर्ने भनिरहेको छ । त्यो कारणबाट सरकारी निकायले सुचना केही प्रकाशन
0	15:45	गरिरहेका छन् र सुचना प्राप्त गर्ने सन्दर्भमा जुन लुकाउन खोजिएका सुचना छन्
0	15:50	विशेषगरी भ्रष्टचारसँग पोलिसी करप्सनसँग लुकाउन चाँहि खोजिन्छ । तिनलाई बाहिर ल्याउन
0	15:56	अलि कठिन छ । तर, नितीगत निर्णयहरुमा सुचनाको हक प्रयोग गरेर बाहिर ल्याउने
0	16:02	परम्पराको विकास भइरहेको छ । हामीले पनि स्रोतसँग भेरिफाई गर्ने र स्रोतसँग पहुँच राख्ने
0	16:09	विशेषगरी अहिले अलि सजिलो भएको सुचनाको हकको प्रयोग गरेर निवेदन दिइसकेपछि सुचना दिनुपर्ने
0	16:12	बाध्यकारी कानूनी व्यवस्थाको कारण त्यसले अलि सहज बनाइराखेको छ ।
0	16:15	कस्तो खालको सुचनाहरु लुकाइन्छ नेपालमा प्राय रु
0	16:22	विशेषगरी अनियमिततासँग सम्बन्धित कुराहरु,
0	16:30	भ्रष्टाचारसँगका कुराहरु, स्वार्थ समुहको प्रभावमा पारेर बनाइएको नीतिगत कुराहरु जसको
0	16:38	कारणबाट आम नागरिकलाई लुकाएर भित्र अनियमितता गर्ने ध्येयले नै यस्ता सुचनाहरु लुकाउने गरिन्छ ।